bhanjyangnews.com
वि.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित

# भञ्ज्याङ

राष्ट्रिय दैनिक
BHANJYANG NATIONAL DAILY

एसियन पेन्टस र सेरा कम्पनीको आधिकारीक बिक्रेता




सम्पूर्ण रङ रोकनका सामान होलसेल तथा खुद्रा बिक्री गरिन्छ । साथै पेन्टर चाहिएमा पनि सम्पर्क गर्नुहोला ।

प्रो. श्याम मौरती
व्यास-२, भेटघाटचोक, दमौली, तनहुँ
फोन : ०६५-५६२६८७, ९८५६०६०३४७

ग्रिनरी भानु सप्लायर्स

वर्ष ४० अंक ०७ | २०७८ वैशाख ०८ गते बुधबार, नेपाल सम्वत् ११४१ April 21, 2021 | पृष्ठ ४ | मूल्य : रू. ५/-



**कोरोना विरूद्ध दोस्रो मात्राको खोपः** कोरोना भाइरस (कोभिड-१९) विरूद्ध दोस्रो मात्राको खोप लगाइदिदै स्वास्थ्यकर्मी । मंगलबार र बुधबार गरी २ दिनमा जिल्लाका विभिन्न स्वास्थ्य केन्द्रबाट पहिलो मात्रमा खोप लगाएका करिव ५ हजार जनालाई दोस्रो मात्राको खोप लगाउने लक्ष्य रहेको जिल्ला स्वास्थ्य कार्यालयका प्रमुख शंकरबाबु अधिकारीले जानकारी गराए । खोप अभियाका पहिलो दिनमा व्यास नगरपालिकामा ६०५, भानु नगरपालिकामा ८१, म्याग्दे गाउँपालिकामा ३९, शुक्लागण्डकी नगरपालिकामा १००, घिरिङ गाउँपालिकामा ३७, रिसिङ्ग गाउँपालिकामा ३००, देवघाट गाउँपालिकामा २१२, बन्दिपुर गाउँपालिकामा ९७, आँबुखैरेनीमा १०८ गरी १५७९ जनालाई दोस्रो मात्राको खोप लगाइएको जिल्ला स्वास्थ्य कार्यालयले जनाएको छ । *तस्विरः भञ्ज्याङ*

## तनहुँसुर मेलामा दश हजार आन्तरिक पर्यटक

**सानेबहादुर नेपाली** (तनहुँ)

व्यासनगरपालिका-११ स्थित ऐतिहासिकस्थल तनहुँसुरमा आयोजना गरिएको पर्यटन सम्पदा वातावरण मेलामा करीब १० हजार आन्तरिक पर्यटकले अवलोकन गरेका छन् । आइतबार र सोमबार गरी दुई दिनको अवधिमा विभिन्न क्षेत्रबाट तनहुँसुरमा रहेको ऐतिहासिक सम्पदाको अवलोकन तथा मेला हेर्नका लागि आन्तरिक पर्यटक गएका हुन्।

उक्त कार्यक्रममा तनहुँका विभिन्न क्षेत्र, छिमेकी गोरखा, लमजुङ, कास्कीलगायतका स्थानबाट आन्तरिक पर्यटकको आगमन रहेको आयोजक समितिले बताएको छ। बसाइँसराइले उजाड बन्दै गएको तनहुँसुर क्षेत्रलाई पुनः हराभरा बनाउन र यहाँका विविधताको प्रचारप्रसार गर्ने उद्देश्यले यही वैशाख ५ देखि ७ गतेसम्म उक्त मेला महोत्सवको आयोजना गरिएको हो।

दोस्रो दिन सोमबारको कार्यक्रममा गण्डकी प्रदेश सभासदस्य सरिता गुरूङले तनहुँसुरको पर्यटन विकासका लागि गण्डकी प्रदेश सरकारबाट सक्दो पहल कदमी थालिने बताउनुभयो । उहाँले ऐतिहासिक सम्पदा राष्ट्रको सम्पत्ति भएकाले यसको संरक्षण सम्वर्द्धन गर्दै पर्यटकीय गन्तव्यस्थलका रूपमा परिचित गराउन लाग्नुपर्नेमा जोड दिनुभयो ।

उक्त स्थलमा पुरातात्विक विभागले तनहुँसुरमा पछिल्लो समय भएका गतिविधिको फोटो प्रदर्शनी तथा ऐतिहासिक सम्पदाको फोटो प्रदर्शनी गरेको थियो । उक्त मेलामा स्थानीय समुदायको आयोजनामा प्राङ्गारिक खानाको परिकारले पाहुनालाई स्वागत सत्कार गरिएको थियो । सेलरोटी, तरूल, भ्याकुर, गुन्द्रुक, भट्ट, मकै, सिस्नोको सुप, लोकल कुखुराको मासु, फापर, टर्की, सुँगुरको अधिकतम प्रयोग गरी पकाइएका परिवार कक्षमा समावेश गरिएको थियो ।

वडाध्यक्ष निरबहादुर खड्काको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रममा हालै निर्वाचित बन्नुभएका तनहुँ उद्योग वाणिज्य संघका अध्यक्ष पविन्द्रकुमार श्रेष्ठ, नवनिर्वाचित दमौली बजार एकाइका सभापति भुपाल आले, व्यास-२ का वडाध्यक्ष काशीराम श्रेष्ठलगायतका वक्ताले तनहुँसुरको मुहार फेरिने गरी काम गर्नुपर्नेमा जोड दिनुभएको थियो । स्थानीय तनहुँसुर देवस्थल सामुदायिक होमस्टे र तनहुँसुर सामुदायिक होमस्टेद्वारा आयोजित मेलाको संरक्षकमा व्यास नगरपालिका र भानुनगरपालिका कार्यालय रहेका छन् भने सहआयोजकमा स्थानीय सात वटा सामुदायिक वन उपभोक्ता समिति रहेका छन् ।



तनहुँको व्यास नगरपालिका-११ स्थित तनहुँसुर । *तस्विरः भञ्ज्याङ*

**पर्यटकीयस्थलमा चहलपहल घट्दै**

कोभिड-१९ को संक्रमण पुनःदेखिन थालेसँगै नेपाल सरकारले भीडभाड नगर्ने, सामाजिक दूरी कायम गर्नेलगायतका निर्देशन जारी गरेपछि तनहुँका पर्यटकीयस्थलमा पर्यटकको चहलपहल घट्न थालेको छ ।

जिल्लाको मानुङकोट, बन्दीपुर, आँधीमूल मन्दिर, छाब्दी बाराही मन्दिर, तनहुँ कालिका, अकला देवी मन्दिर, थानीमाई, छिम्केश्वरी, तनहुँसुरलगायतका धार्मिक, ऐतिहासिक र सांस्कृति क्षेत्रमा आन्तरिक पर्यटकको चहलपहल घट्न थालेको हो । छोटो अवधिमा पर्यटकीय गन्तव्यका रूपमा विकास हुँदै गएको परेवा डाँडा पुनः कोरोनाको हल्ला चल्न थालेपछि पर्यटकको आगमनमा कमी हुन थालेको छ। तनहुँको व्यास-१० स्थित ऐतिहासिक परेवा डाँडामा परेवाको मूर्ति निर्माण गरेर संरक्षण गर्न थालेपछि आन्तरिक पर्यटकको चहलपहल बढ्न थालेको हो ।

व्यास-५ स्थित मानहुँकोट डाँडा एकाएक चर्चामा आएपछि परेवा डाँडामा पनि पर्यटकहरूको आर्कषण बढ्दै गएको थियो । उक्त वडास्थित मादीनदीस्थित पहरामा परेवा बस्ने गरेको र पछिल्लो समय लोप हुँदै गएको थियो । पछि उक्त स्थानको नाउँ नै परेवाडाडाँ हुन गएको किंवदन्ती रहिआएको छ । पछिल्लो समय गुलेली र बम हान्ने जस्ता कार्यले परेवा विस्थापित हुँदै गएकाले त्यसलाई जीवन्त राख्न व्यास नगरपालिकाले परेवाको मूर्ति निर्माण गरेर संरक्षण गर्न थालेपछि

बाँकी तेश्रो पेजमा

## कालिका मन्दिरको उद्घाटन

**भञ्ज्याङ समाचारदाता** (दमौली)

तनहुँको व्यास नगरपालिका-४ स्थित शान्ति पार्कभित्र रहेको तनहुँ कालिका मन्दिरको निर्माण सम्पन्न भएको छ । निर्माण सम्पन्न भएको कालिका मन्दिर चैते दशैंको



अवसर पारि उद्घाटन गरिएको छ ।

मन्दिरको उद्घाटन गर्दै संघीय सांसद कृष्णकुमार श्रेष्ठले मन्दिर क्षेत्रमा थप पूर्वाधार निर्माणको खाँचो रहेको बताए । उनले भने, 'पर्यटकलाई लोभ्याउन मन्दिरको छेउछाउ थप पुर्वाधारको निर्माण गर्न सके आकर्षण पनि देखिन्छ।' पुर्वाधार बिकासका लागि संघ सरकारको तर्फबाट पनि रकम विनियोजन गर्ने बताए ।

यस्तै, गण्डकी प्रदेश सांसद रामबहादुर गुरूङले धार्मिक पर्यटकलाई आकर्षण गर्न यस मन्दिरले थप सहयोग पुग्ने बताए। जिल्ला समन्वय समितिका प्रमुख शान्तिरमण वाग्लेले मन्दिर सञ्चालनको जिम्मा स्थानिय पालिकाले लिनुपर्ने धारणा व्यक्त गरेका थिए । तनहुँ उद्योग वाणिज्य संघका नवनिर्वाचित अध्यक्ष पविन्द्रकुमार श्रेष्ठले मन्दिरलाई धार्मिक पर्यटन विकासमा रूपमा अगाडी बढाउनु पर्ने बताएका थिए।

एक सय नयाँ पर्यटकीय गन्तव्यको रूपमा सूचीकृत शान्ति पार्कभित्र मल्लकालिन प्यागोडा शैलीको मन्दिर करिव ३ करोड रूपैयाँ लागतमा निर्माण भएको जनाइएको छ । तीन तले र ५५ फिट उचाईको मन्दिरमा मन्दिरमा ९ फिट उचाईको गजुर राखिएको छ ।

यस्तै, एक कार्यक्रमबीच व्यास-४ सिमलटारमा स्थित जानकी आमा समुहले मन्दिरको लागि ११ हजार एक सय ११ रूपैयाँ सहयोग गरेको छ ।

**घर बाहिर निस्कदा तथा भिडभाडमा जाँद अनिवार्य रूपमा मास्कको प्रयोग गरौं, भौतिक दुरी कायम गरौं, साबुनपानीले हात धुने गरौं**



# सम्पादकीय...........

## वातावरणमैत्री क्रियाकलाप

मानवीय व्यवहारका कारण अहिले वातावरणमा पनि प्रतिकुल प्रभावहरू देखिन थालेका छन् । हाम्रा क्रियाकलापले मानव र वन्यजन्तु बीचको द्वन्द्व बढेको छ । विशेष गरी जिल्लाको भानु नगरपालिका, आँबुखैरेनी, बन्दिपुर गाउँपालिका र शुक्लागण्डकी नगरपालिकामा मानव र वन्यजन्तु बीच द्वन्द्व बढेको छ । यसरी द्वन्द्व बढ्दै जाँद ठूलो मात्रमा जनधनको क्षति भएको छ । जनधन मात्र नभई वन्यजन्तु अर्थात चितुवाको पनि क्षति भएको छ । चितुवा मानव बस्तिमै अएर बालबालिकालाई आक्रमण गर्दा तनहुँमा हालसम्म १० जना बालबालिकाको ज्यान गएको छ । ११ चितुवा जिवितै नियन्त्रणमा लिएको छ भने ११ वटा चितुवा मृत अवस्थमा भेटिएका थिए । मुख्य कुरा जंगली जनावर मानव बस्तिमा आएर किन आफु भन्दा कमजोर बालबालिकालाई आक्रमण गर्दै छ ? मुख्य सवाल यही खडा भएको छ । चितुवाको सबै भन्दा बढि आतंक फैलिएको भानु नगरपालिकाको वडा नं. १, २, ३, ४ र ५ क्षेत्र हो । यी वडामा करिब ४ हजार २ सय हेक्टर क्षेत्रफलमा २२ वटा सामुदायिक वन रहेका छन् । स्थानीयले सामुदायिक वन संरक्षण गरी आफ्नो दैनिकीलाई सहज त बनाएका छन् । तर, सामुदायिक वन वृद्वि हुँदै गएपनि ती वनमा विचरण गर्ने वन्यजन्तुका विषयमा भने कतै सोचिएको देखिदैन। वन्यजन्तुलाई आवश्यक पर्ने आहारा प्रजातिको संरक्षण नहुँनु, खानेपानी, घाँसेमैदानको संरक्षण नहुँनु, वन संरक्षणकामा नममा बढ्दै गएको झाँडी र मानिसहरूकै गतिविधिका कारण अहिले वन्यजन्तुको वासस्थान खलबलिएको छ । कतै चितुवाले आफ्नो आहारा प्रयाप्त रूपमा जंगलमा नभेटेपछि मानव बस्तिमा छिरेको त होइन? गम्भिर प्रश्न यहाँ खडा भएको छ । यही प्रश्नको जवाफ खोज्दै छ अहिले डिभिजन वन कार्यालय तनहुँ । कार्यालयले भानुका सामुदायिक वनमा चितुवको संख्या, चितुवाको आहारा प्रजातिको अवस्थाका विषयमा अध्ययन अगाडि बढाएको छ । गत कातिक २२ गते भानुको चितुवा प्रभावित क्षेत्रका २२ वटा समुदायिक वनका विभिन्न ठाउँमा ६५ वटा ट्यापिङ क्यामरा जडान गरेको थियो। जडान गरिएका ती क्यामरामा कैद भएका तस्विरहरूलाई अहिले अध्ययन गरिदैछ। क्यामरामा कैद भएको तस्विरको प्रारम्भिक अध्ययन अनुसार यी वन क्षेत्रमा चितुवाको संख्या धेरैनै भएको अनुमान गरिएको छ । यद्यपी त्यसको निर्क्यौल भइसकेको छैन ।

सामुदायिक वनमा जडान गरिएक क्यामराबाट संकलित तस्विरहरुको अध्ययन भइरहेको छ । क्यामरामा चितुवाका २५ वटा तस्विर भेटिएका छन् । ती चितुवाको संख्या एकिन गर्न शरिरको बनावोट, बुट्टाहरु हेर्नुपर्ने र त्यसपछि संख्या एकिन गर्न सफ्टवेयरको समेत प्रयोग गरिने भएको छ । संकलित तस्विरलाई हेर्दा करिब १३/१४ वटा चितुवाको संख्या यी सामुदायिक वन क्षेत्रमा रहेको विज्ञको अनुमान छ । यति थोरै वन क्षेत्रमा अपेक्षा गरे भन्दा धेरै संख्यामा चितुवाको तस्विर संकलन भएका छन् । त्यस्तै, भानुका सामुदायिक वन क्षेत्रमा चितुवाको मुख्य आहारा प्रजातिका रूपमा लिइने हरिण र बँदेलको संख्या भने देखिएका छैनन् । क्यामरामा चरीबाग, वन बिरालो, निर बिरालो, बाँदर, खरायो, दुम्सीका तस्विर भेटिएका छन् । मानव र वन्यजन्तुबिच बढ्को द्वन्द्व न्युनिकरणका लागि पक्कै पनि यो अध्ययन उपलब्धी मुलक हुनेछ । जंगलमा चितुवा बढी र आहारा कम भएका कारण चितुवाले मानव बस्तिमा पसेर मानवमाथि आक्रमण गरेको हो कि भनि अध्ययन गरिएकोमा लगभग निष्कर्ष त्यस्तै आउने संकेत छ । प्रम्भिक अध्ययनका क्रममा चितुवाको संख्या बढि र आहारा प्रजातिका वन्यजन्तु कम देखिएका छन्। मानिसकै कारण चितुवा तथा अन्य प्रजातिको आहार, बासस्थान खलबलिएका पनि छन् । त्यसैले घाँसे मैदान, जंगलमा पानीको अभाव हुनु, वन्यजन्तुको आहरा नासिदै जानु जस्ता कारण द्वन्द्व बढेको देखिन्छ । यस तर्फ हामी स्वयं उपभोक्त अर्थात स्थानीय नागरिक नै जिम्मेवार बन्नुपर्छ । यदि हामीले हाम्रो दैनिकी सहज बनाउने क्रममा वन्यजन्तु मैत्री क्रियाकलापमा ध्यान दिन सकिएन भने थप द्वन्द्व चर्कन सक्छ। मानव जीवनका लागि जल, जमिन, जंगल अति अवश्यक हुन । तर, यसको उपभोग गर्दा वन्यजन्तुका विषयमा सोचिएन भने मानव जीवन पनि खतरामा पर्न सक्छ । त्यसैले वातावरण र वन्यजन्तुमैत्री क्रियाकलाप गरी मानव र वन्यजन्तु बीचको द्वन्द्व न्यूनिकरणमा सरकार, सम्बन्धित निकाय तथा स्वयं स्थानीय बासिन्दा सचेत बनौं ।




### तनहुँ जिल्लाका महत्वपूर्ण टेलिफोन

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय - ५६०१३३ | एम्वुलेन्स व्यास न. हस्पिटल : ९८४६१३१०२६ |
| जिल्ला समन्वय समिति - ५६०१७४ | थर्पु हे.पो. एम्बुलेन्स - ९८४६४०२९९४ |
| जिल्ला प्रहरी कार्यालय -५६०१९९/१०० | एम्बुलेन्स, आँवुखैरेनी - ९८४६७४६२२२, |
| व्यास नगरपालिका, दमौली - ५६०२३३ | आँवु इमरजेन्सि एम्बुलेन्स ९८४६७४६२४४ |
| नेपाल रेडक्रस सोसाइटी - ५६०१६९ | नेपाल विद्युत प्राधिकरण(मर्मत)- ५६०१७६ |
| दमौली अस्पताल, दमौली - ५६०२०३ | नेपाल विद्युत प्रा.(सव स्टेशन) - ५६०१९२ |
| रत्नहरी मे. अस्पताल,दमौली, - ५६०१०२ | एम्वुलेन्स युवा क्लव भिमाद ९८१६११८१०० |
| नेशनल एपोलो हस्पिटल - ५६१८११ | टिकट काउण्टर (माइक्रो), ५६०९०६ |
| एपोलो एम्बुलेन्स ९८४६४३५६११ | नेपाली कांग्रेस तनहुँ - ५६०३७५ |
| लक्ष्मी अस्पताल, डुम्रे - ५८०००७ | नेकपा तनहुँ - ५६०१३४ |
| जीपी कोइराला रा.स्व.प्र.उ.के. ५७०४५५ | आ.क.भा.भ.क्याम्पस, दमौली - ५६००९६ |
| व्यास नगर हस्पिटल : ५६१८१२ | भानुभक्त क्याम्पस, खैरेनीटार- ५७०२४० |

# दक्षिण एशिया पुनः प्यान्डेमिकको केन्द्रबिन्दु

डा. प्रबीण श्रेष्ठ

पछिल्लो समय दक्षिण एशियामा कोरोना संक्रमण बढ्दै गएकोमा कुनै शंका रहेन । यो आलेखमा संक्रमण दर कसरी बढिरहेको छ भनेर विश्लेषण गरिनेछ । गत वर्ष जुलाईको शुरूदेखि विश्व मानचित्रमा कोरोना प्यान्डेमिकको कुल भारको दोस्रो ठूलो हिस्सा दक्षिण एशियामा देखिन थालेको थियो । त्यो बेला अमेरिकाज (उत्तर, सेन्ट्रल र दक्षिण अमेरिका)मा प्यान्डेमिकको सबभन्दा ठूलो भार थियो भने युरोपमा पहिलो लहर सकिएर दैनिक संक्रमण न्यून अवस्थामा पुगेको थियो ।

त्यतिबेला अमेरिकामा दैनिक करीब ७० हजार, ब्राजिलमा ४० हजार र भारतमा ३० हजार नयाँ संक्रमण देखापरिरहेको थियो । दक्षिण एशियामा अगस्टबाट बढ्न थालेको पहिलो लहरको संक्रमणले सेप्टेम्बरमा प्यान्डेमिकको रूप लियो । दक्षिण एशिया र अमेरिकाजबीच सेप्टेम्बरभरि दैनिक कोरोना संक्रमणको प्रतिस्पर्धा मच्चिरह्यो । त्यो बेला यी दुई क्षेत्रमा दैनिक संक्रमण पालैपालो पहिलो र दोस्रो उच्च भइरह्यो । मध्य सेप्टेम्बरसम्ममा दक्षिणएशिया प्यान्डेमिकको 'पिक'मा पुग्दा भारत विश्वमै संक्रमणको केन्द्रबिन्दु बन्यो । भारतमा दैनिक करीब ९० हजार, अमेरिकामा ४० हजार र ब्राजिलमा २५ हजार संक्रमण देखा परे ।

त्यतिबेला युरोपमा प्यान्डेमिकको दोस्रो लहर शुरु भएको थिएन । त्यहाँ दैनिक संक्रमण दर दक्षिण एशियाको भन्दा आधाभन्दा कम थियो । अक्टोबर लागेपछि दक्षिण एशियामा प्यान्डेमिक कम हुँदै गयो भने युरोपमा दोस्रो लहर शुरु भयो र विश्वमै कोरोना प्यान्डेमिकको सबभन्दा ठूलो लहर बन्यो ।

त्यो बेलादेखि हालसम्म अमेरिकाज र युरोपबीच दैनिक कोरोना संक्रमणको प्रतिस्पर्धा चलिरहेको छ भने मार्चको मध्यबाट दक्षिणएशियामा फेरि संक्रमण तीव्र वृद्धि भई प्यान्डेमिकको केन्द्रबिन्दु बन्ने तरखरमा देखिन्छ । विश्व जनसंख्याको २० प्रतिशत हिस्सा ओगटेको दक्षिण एशियामा अप्रिल १६ सम्ममा विश्वको कुल कोरोना संक्रमणमध्ये १२ प्रतिशत देखिएको छ । अप्रिल १६ को एकै दिन दक्षिण एशियामा विश्वको करीब ३० प्रतिशत नयाँ कोरोना संक्रमण भेटियो। त्यो दिन विश्वको कुल कोरोना मृत्युमध्ये १२.५ प्रतिशत दक्षिण एशियामा भयो ।

पछिल्लो समय अमेरिका र ब्राजिलमा भन्दा भारतमा धेरै दैनिक संक्रमण देखिन थालेको छ । भारतमा पहिलो लहरभन्दा दैनिक संक्रमण दोब्बर भएको छ । भारत र सिंगो दक्षिणएशिया कोरोना प्यान्डेमिकको केन्द्रबिन्दु बन्दै गएको यसले देखाउँछ । भुटान विश्वमै कोरोना संक्रमण न्यून भएको देशको रूपमा कायम छ । हालसम्म त्यहाँ एक हजारभन्दा कम संक्रमण र एक मात्र मृत्यु भएको छ । यो वर्ष जनवरीयता दैनिक संक्रमण शून्य रहेको भुटानमा अप्रिलदेखि संक्रमण बढ्दो क्रममा देखिएको छ । यद्यपि, अन्यत्रको दाँजोमा संक्रमण संख्या निकै कम छ ।

उता श्रीलंकाको स्थिति खराब देखिन्छ। त्यहाँ पछिल्लो दैनिक संक्रमण धेरै नभए पनि 'आवर वर्ल्ड इन डाटा'का अनुसार त्यहाँ संक्रमण दर (पोजिटिभिटी) निकै छ । अप्रिल शुरु भएसँगै त्यहाँ दैनिक कोरोना संक्रमण दर क्रमशः बढेर १० तारिखका दिन ३० प्रतिशतभन्दा धेरै पुग्यो, जुन विश्वमै सबभन्दा उच्चमध्ये एक थियो।

बंगलादेशको दैनिक संक्रमण दर पनि २० प्रतिशतभन्दा माथि रहँदै आएको छ। यी तथ्यहरुबाट के स्पष्ट हुन्छ भने, दक्षिण एशिया पुनः एक पटक कोरोना प्यान्डेमिकको केन्द्र बन्दैछ । हामी सबैले सावधानीपूर्वक यसको सामना गर्नुपर्नेछ ।

दक्षिण एशियाली तथा केही अन्य देशहरुको १-१६ अप्रिलको दैनिक संक्रमण दर (पोजिटिभिटी दर) देखाउँछ । जोन्स

> **गत वर्ष जुलाईको शुरूदेखि विश्व मानचित्रमा कोरोना प्यान्डेमिकको कुल भारको दोस्रो ठूलो हिस्सा दक्षिण एशियामा देखिन थालेको थियो । त्यो बेला अमेरिकाज (उत्तर, सेन्ट्रल र दक्षिण अमेरिका)मा प्यान्डेमिकको सबभन्दा ठूलो भार थियो भने युरोपमा पहिलो लहर सकिएर दैनिक संक्रमण न्यून अवस्थामा पुगेको थियो ।**

हफिन्स विश्वविद्यालय र आवर वर्ल्ड इन डाटाबाट लिइएको तथ्यांक अनुसार चित्रमा अधिकांश दक्षिण एशियाली देशको संक्रमण दर अन्य देशहरुको भन्दा उच्च देखिन्छ । दक्षिण एशियाली देशहरुमा अप्रिल १-१६ बीचको दैनिक कोरोना संक्रमणको नयाँ प्रवृत्ति देखिएको छ । दैनिक संक्रमणको प्रवृत्ति हेर्दा भारतको अवस्था निकै चिन्ताजनक देखिन्छ । फेब्रुअरीको शुरुमा त्यहाँ दैनिक करीब ११ हजार नयाँ संक्रमण देखिने गरेकोमा पछिल्लो समय दैनिक दुई लाख नाघेको छ । नेपाल लगायत दक्षिण एशियाका अन्य देशमा भारतमा भन्दा निकै कम दैनिक संक्रमण देखिन्छ। भारतको तुलनामा कम भए पनि संक्रमण बढ्दो दरमै छ । दक्षिण एशियाको कुल संक्रमित संख्या पनि दैनिक वृद्धि हुँदै गइरहेको छ ।दक्षिण एशियालीमा १-१६ अप्रिलमा कोरोनाबाट भएका मृत्यु संख्याको प्रवृत्ति देखाइएको छ । भारतमा दैनिक मृत्यु र दैनिक संक्रमण समानान्तर रूपले निकै बढेको चित्रमा देखिन्छ । फेब्रुअरीको शुरुमा भारतमा कोरोनाबाट दैनिक करीब १०० मृत्यु हुने गरेकोमा अहिले यो संख्या ८०० पुग्न थालेको छ ।

सार्क डिजास्टर म्यानेजमेन्ट सेन्टरको विवरणअनुसार अप्रिल १५ सम्म दक्षिण एशियामा एक करोड ६० लाख ५० हजार ९५९ जनामा कोरोना संक्रमण भएको छ भने दुई लाख पाँच हजार ४४९ जनाले संक्रमणकै कारण ज्यान गुमाइसकेका छन्।

गत साता १३ लाख ११ हजार १२८ जना कोरोना संक्रमित र आठ हजार तीन मृत्यु थपियो । यसले दक्षिण एशिया फेरि एक पटक कोरोना प्यान्डेमिकको केन्द्र बन्दै गएको पुष्टि गर्छ । नेपालमा कोरोना प्यान्डेमिकको साप्ताहिक विश्लेषण विभिन्न स्रोतबाट प्राप्त ११-१७ अप्रिलको तथ्यांकको आधारमा गरिएको छ । यसको उद्देश्य विश्व र नेपालको प्यान्डेमिकको सही अवस्था पाठकसमक्ष पुऱ्याउनु हो ।

गत हप्ता पनि विश्व र नेपालमा प्यान्डेमिकका तथ्यांकहरुमा उतारचढाव जारी रह्यो । त्यो हप्ता त्यसअघिको हप्ताभन्दा केही बढी परीक्षण भएको थियो। नयाँ संक्रमण पनि त्यही अनुसार बढेको देखिन्छ । धेरै परीक्षण भएको दिन नयाँ संक्रमण पनि बढी देखिएको हुनाले प्रशस्त परीक्षण गरिए वास्तविक संक्रमण अहिलेको भन्दा धेरै हुने निश्चित छ । यो अवस्थामा प्रशस्त परीक्षण गरी प्यान्डेमिकको सही मापन र व्यवस्थापन गरी एकातिर जनस्वास्थ्यको सुरक्षा गर्नु जरूरी छ भने अर्कातिर जनजीवन तथा आर्थिक गतिविधिलाई पनि निरन्तरता दिनु अत्यावश्यक छ ।

नेपाल सरकारको तथ्यांक अनुसार, गतहप्ता देशभर तीनहजार ९३३ जना नयाँ संक्रमित थपिएर कुल कोरोना संक्रमित संख्या दुई लाख ८३ हजार ६५८ पुगेको छ । चैतको चार हप्तामा नयाँ संक्रमित संख्या क्रमशः ६५१, ९२१, १०१८ र १९५७ जना थिए । चैतको साप्ताहिक मृत्यु संख्या क्रमशः २, ११, ५ र ७ थियो । पछिल्लो हप्ता यो संख्या ३६ पुगेको छ । यसले नेपालमा कोरोना संक्रमण निकै तीव्र बनेको देखाउँछ ।

देशभर र काठमाडौं उपत्यकाको दैनिक संक्रमणको तुलनामा छ, जसमा पछिल्लो समय उपत्यकाभन्दा बाहिर धेरै संक्रमण फैलिएको देखिन्छ । यसले सीमापरिबाट आवतजावत हुने ठाउँमा धेरै संक्रमण भएको संकेत गर्छ । गत शुक्रबार बाँकेमा १३३, कास्कीमा ४६, रूपन्देहीमा ४३, कैलालीमा ३९, पर्सामा ३०, चितवनमा २२ र मोरङमा २० जना नयाँ संक्रमित फेला परेका थिए । नेपालमा गत हप्ता दैनिक कोरोना संक्रमण दर उकालो लाग्ने क्रम जारी रहेको देखाउँछ । यी तथ्यहरुबाट दक्षिण एशियाली देशहरुमा प्यान्डेमिकको दोस्रो लहर पहिलोभन्दा दोब्बर ठूलो भइसकेको देखिन्छ । तथ्यांकले जेसुकै देखाए पनि प्यान्डेमिकको यथार्थलाई आत्मसात् गर्नुपर्ने बेला आएको छ । पहिलो लहरबाट लिएको अनुभव र शिक्षालाई फेरि एक पटक व्यावहारिक रूपमा लागू गर्नेपर्ने बेला आएको छ । दिनानुदिन बढ्दै गएको कोरोना नियन्त्रणका लागि नेपालले छिमेकबाट आउनसक्ने संक्रमण रोक्न विशेष प्रयास गर्नुपर्ने दखिन्छ ।नेपाली जनताले पनि प्यान्डेमिकको यथार्थ बुझी आफ्नोतर्फको सावधानी हरपल अपनाउनुपर्दछ । हरेक व्यक्तिले भौतिक दूरी कायम गर्ने, मास्क लगाउने, हात धुने, भीडभाड नगर्ने आदि सावधानी अपनाएर कोरोना प्यान्डेमिक विरुद्धको लडाईंमा योगदान गर्नु नै बुद्धिमानी हुनेछ। *(डा. श्रेष्ठ बी एण्ड बी अस्पतालका कन्सल्टेन्ट न्यूरोसर्जन तथा कोभिडविज्ञ हुन् ।) सा. अनलाइनखबरबाट*

### तपाईंको आज

**मेष** (चु,चे,चो,ला,लि,लु,ले,लो,अ)
आफन्तसँग भेटघाट हुनाले परिवेश उल्लासमय रहनेछ । नयाँ कामको प्रस्ताव आउनेछ ।

**सिंह** (मा,मी,मु,मे,मो,टा,टी,टु,टे)
अप्ठ्यारो पर्दा साथ दिने थोरै हुनेछन्। बलजफ्ती गर्ने बानीले समस्या निम्त्याउन सक्छ ।

**धनु** (ये,यो,भा,भि,भु,धा,फा,ढ,भ)
पहिलेको संकल्प पूरा गर्ने समय छ । काममा राम्रो सुरूवात हुनाले सोचेको नतिजा हातलागी हुनेछ।

**वृष** (इ,उ,ए,ओ,वा,वी,वू,वे,वो)
आफन्तजनले उत्साह जगाउनेछन् र दिगो फाइदा हुने काम प्रारम्भ हुनेछ ।

**कन्या** (टो,पा,पी,पू,ष,ण,ठ,पे,पो)
खर्च लागे पनि लगानी बढाउने अवसर प्राप्त हुनेछ। दिगो योजनाका लागि ऋण लिने समय छ।

**मकर** (भो,जा,जी,खी,खु,खे,खो,गा,गी)
प्रतीक्षित नतिजाले उत्साह जगाउनेछ । आफ्नो लाभांशमाथि अरूले दाबी गर्न सक्छन् ।

**मिथुन** (का,की,कू,घ,ङ,छ,के,को,हा)
उपलब्धि प्राप्त गर्न केही कुरा त्याग्नुपर्ला। काममा दोहोर्याएर प्रयत्न गर्नुपर्ने देखिन्छ।

**तुला** (रा,री,रू,रे,रो,ता,ती,तु,ते)
कामलाई निरन्तरता दिन सकिनेछ। व्यवसायतर्फ हिसाबकिताबमा होसियार रहनुहोला ।

**कुम्भ** (गु,गे,गो,सा,सी,सू,से,सो,दा)
कामको चाप बढ्नेछ भने बाध्यात्मक परिस्थितिले पनि अलमल्याउन सक्छ ।

**कर्कट** (हि,हु,हे,हो,डा,डि,डु,डे,डो)
भेटघाट, घुमफिर तथा मनोरञ्जनको समय छ । भौतिक साधनले जीवनशैलीमा परिवर्तन ल्याउन सक्छ।

**वृश्चिक** (तो,ना,नी,नु,ने,नो,या,यी,यू)
अवसरवादीहरुबाट सजग रहनुहोला। आफ्नै कमजोरीले चिन्ता बढाउन सक्छ ।

**मीन** (दि,दु,थ,झ,ञ,दे,दो,चा,ची)
आफ्ना कामबाट अरूले फाइदा उठाउन सक्छन् । स्वास्थ्य-चिन्ताले सताउला ।



**कुमाल गाउँका किसानलाई मकै छर्न चटारोः** शंखुवासभाको खाँदबारी नगरपालिका–९, तुम्लिङटारको कुमाल गाउँका किसान बारीमा मकै रोप्दै। मकै यस क्षेत्रको मुख्य अन्नबाली हो । कृषि ज्ञान केन्द्र शंखुवासभाका प्रमुख गोविन्द आचार्यका अनुसार किसानले शंखुवासभामा १२ हजार ४५८ हेक्टरमा मकैबाली लगाउने बताउनुहुन्छ । *तस्बिरः भविन कार्की/रासस*

# एक्सरे मेसिन प्रयोगविहीन हुँदा सेवाग्राही मर्कामा

**रासस** (गण्डकी)

जनस्वास्थ्यलाई ख्याल गर्दै पोखरा महानगरपालिका–२१ स्थित कृष्ति प्राथमिक स्वास्थ्य केन्द्रमा चार वर्षअघि एक्सरे मेसिन ल्याइए पनि दक्ष जनशक्ति नहुँदा सञ्चालनमा आउन सकेको छैन । स्वास्थ्य बीमा बोर्डले झण्डै रू पाँच लाख बराबरको एक्सरे मेसिन अनुदानमा सहयोग गरे पनि सञ्चालनका लागि प्राविधिक उपलब्ध नहुँदा सो मेसिन प्रयोजनविहीन बनेको हो ।

स्वास्थ्यचौकीले पोखरा महानगरपालिका स्वास्थ्य महाशाखासँग जनशक्तिको माग गर्दै आए पनि हालसम्म उपलब्ध नहुँदा मेसिन भएर पनि सामान्य एक्सरे गर्न सो क्षेत्रका बासिन्दालाई पोखरा पठाउनुपरेको स्वास्थ्य केन्द्रका प्रमुख प्रताप पौडेलले जानकारी दिनुभयो। उहाँका अनुसार मेसिन सञ्चालन नहुँदा बिग्रने समस्या बढेको छ भने स्थानीय जनताले पनि असुविधा भोग्नुपरेको छ । केन्द्रमा एक्सरे गर्नुपर्ने १५ देखि २० बिरामी आउने गरेका छन् ।



पोखरा महानगरपालिका–२१, कृष्ति स्वास्थ्य केन्द्रमा प्रयोजनविहीन अवस्थामा रहेको एक्सरे मेसिन । *तस्बिरः हरि बाँस्तोला/रासस*

स्वास्थ्य बीमाको सुविधासमेत रहेको सो केन्द्रमा आकस्मिक सेवा, प्रयोगशाला, २४ घण्टा प्रसूति सेवा, बच्चाको खोप, इसिजी, परिवार नियोजनलगायतका सेवासहित नेपाल सरकारद्वारा निःशुल्क प्रदान गरिने सबै प्रकारका औषधिसमेत उपलब्ध गराउँदै आएको उहाँले सो केन्द्रको स्थलगत अनुगमनमा पुग्नुभएका गण्डकी प्रदेशका उपसभामुख सिर्जना शर्मालाई जानकारी गराउनुभयो । निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रमको आर्थिक सहयोगमा स्वास्थ्य केन्द्रको हातामा निर्माण भएको चारवटा सटरसहितको ट्रष्ट फार्मेसी भवनको अनुगमनका लागि सो स्थानमा पुग्नुभएका शर्माले एक्सरे मेसिन सञ्चालनका लागि आफूले महानगरसँग समन्वय गर्ने विश्वास व्यक्त गर्नुभयो ।

सो केन्द्रमा दरबन्दीअनुसार एक चिकित्सक र एक स्टाफनर्ससमेत नहुँदा सेवाग्राहीलाई उपचारमा सोचेजस्तो सेवा प्रदान गर्न नसकिए पनि हाल छात्रवृत्तिमा अध्ययन गरेका एमबिबीएसका तीन विद्यार्थीले स्थानीयवासीलाई स्वास्थ्य सेवा उपलब्ध गराउँदै आएका छन् । पोखरा महानगर स्वास्थ्य महाशाखा प्रमुख हेमन्त शर्मा पौडेलका अनुसार स्वास्थ्य बीमा बोर्डले एक्सरे मेसिन उपलब्ध गराए पनि आवश्यक जनशक्तिको अभावमा मेसिन सञ्चालन गर्न नसकिएको बताउनुभयो ।

पोखराको शिशुवा स्वास्थ्यचौकीमा मेसिन सञ्चालन गरी निरन्तर सेवा प्रदान गर्दै आएको बताउँदै उहाँले बोर्डले उपलब्ध गराएको पोखरा–१६ अर्मला र कृष्ति स्वास्थ्य केन्द्रको मेसिन लामो समयदेखि प्रयोगमा आउन नसकेको जानकारी दिनुभयो। कतिपय उक्त मेसिनमा प्रयोग हुने सामग्रीसमेत पाउन कठिन भइसकेको छ । वैकल्पिक व्यवस्था गरेर भए पनि एक्सरे मेसिन सञ्चालन गरेर स्थानीयवासीलाई सुविधा पुऱ्याउन महानगरले पहल शुरू गरेको बताउँदै महाशाखा प्रमुख शर्माले भन्नुभयो, "नजिकै पोखरा बजारमा सबै किसिमका स्वास्थ्य सेवा हुने हुँदा स्वास्थ्यचौकीमा सेवाग्राहीको संख्यामा समेत कमी हुने गरेको छ ।"

'विविधतायुक्त गाउँ शहर, समृद्ध मेरो व्यास नगर'
व्यास नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
दमौली तनहुँ । गण्डकी प्रदेश
नगर लोककल्याणकारी सन्देश
व्यक्तिगत घटना दर्ता



जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद र बसाई सराई जस्ता व्यक्तिगत घटना ३५ दिन भित्रमा दर्ता गराई असल नागरिकको कर्तव्य निभाऔं ।

# पाँच मिनेटमै कोभिडको संक्रमण परीक्षण गर्ने प्रविधि

**रासस/सिन्ह्वा** (टोकियो)

जापानले पाँच मिनेटमा नै कोभिड–१९ को संक्रमण भए नभएको बारेमा थाहा पाउने प्रविधि पत्ता लगाएको जनाएको छ ।

जापानको रिकेन रिसर्च इन्स्टिच्युट र युनिभर्सिटी अफ टोकियोले गरेको अनुसन्धानबाट सो प्रविधि पत्ता लगाइएको बताइएको हो । यहाँका राष्ट्रिय सञ्चारमाध्यमले मंगलबार यो समाचार सार्वजनिक गरेका छन्। हाल जापानमा पनि पिसिआर टेस्ट नै प्रचलनमा छ ।

यो प्रविधिबाट हाल कोभिड–१९ को भाइरस पत्ता लगाउनका लागि कम्तीमा पनि एक घन्टा समय लाग्ने गरेको छ । अब भने कुनै पनि व्यक्तिको स्याम्पल लिएको पाँच मिनेट भित्रैमा उसको शरीरमा कोभिड–१९ पोजेटिभ भए नभएको पत्ता लाग्ने छ । यो प्रविधिले अब यहाँ कोरोनाको संक्रमणको परीक्षण गर्न र समयमै यो पत्ता लगाउनका लागि ठूलो सहयोग पुग्ने कुरा विज्ञले जनाएका जापानको राष्ट्रिय टेलिभिजन संस्था एन एच केले जनाएको छ।

उक्त इन्स्टिच्युटका एकजना वैज्ञानिक रिकेन वातानावेले यो प्रविधिबाट परीक्षण गर्नका लागि कुनै पनि जटिल प्रक्रिया नभएको र सामान्यरूपमा र थोरै उपकरणको सहायताबाट नै पत्ता लाग्ने जानकारी दिनुभयो ।

# पर्यटनमा परेको प्रभाव न्यूनीकरणका लागि काम गर्छौं : मन्त्री ढकाल

**रासस** (चितवन)

संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री भानुभक्त ढकालले कोरोनाका कारण पर्यटन क्षेत्रमा परेको प्रभाव न्यूनीकरणका लागि सरकारले प्रक्रिया शुरू गरेको बताउनुभएको छ । आज यहाँ पत्रकारसँग कुराकानी गर्दै उहाँले कोरोना कहरका कारण पर्यटन क्षेत्र प्रभावित भएको बताउनुभयो।

कोरोनाका कारण अघिल्लो वर्षसमेत सो क्षेत्र प्रभावित बनेको बताउँदै उहाँले भन्नुभयो, 'पर्यटन क्षेत्रलाई अघिल्लो वर्षको अनुभवका आधारमा कम असर हुने गरी काम गर्नुपर्छ ।' पर्यटन क्षेत्रका लागि सरकारले प्याकेज ल्याउने तयारी गरिरहेको उहाँले जानकारी दिनुभयो । कोरोना संक्रमण नियन्त्रणका लागि सबै एक भएर लाग्नुपर्ने ढकालको भनाइ थियो। जनताले जिम्मेवारी पूर्ण ढङ्गले साथ दिएमा सरकारले लकडाउन नगरिकन कोरोना नियन्त्रणमा लिनसक्ने उहाँले बताउनुभयो ।

गत बुधबार माडीमा रामधाममा मूर्ति स्थापनाका लागि चितवन आउनुभएका मन्त्री ढकालले राज्यले सो क्षेत्रको विकासका लागि योजनाबद्ध तवरले काम अघि बढाउने बताउनुभयो ।

स्वास्थ्य परीक्षण सम्बन्धी खुसीको खबर !!!

**वैशाख ११ गते शनिबार**

१) पोखरा मणिपाल हस्पिटलका वरिष्ठ स्तन, स्त्री तथा प्रसुती रोग विशेषज्ञ डा. अञ्जली सुवेदी ।

**वैशाख १८ गते शनिबार**

१) पोखरा मेट्रोसिटी हस्पिटलका वरिष्ठ नाक, कान, घाँटी रोग विशेषज्ञ डा. निरज के.सी. ।

**वैशाख २५ गते शनिबार**

१) पोखरा मणिपाल र फेवासिटी हस्पिटलका वरिष्ठ यौन, छाला तथा कुष्ठरोग विशेषज्ञ डा. विनम्र बस्नेत ।
२) पोखरा मणिपाल र फेवासिटी हस्पिटलका वरिष्ठ स्नायू, मानसिक, नशा तथा लागुऔषध रोग विशेषज्ञ डा. जय बहादुर खत्री ।

हाम्रा उपलब्ध सेवाहरू :

१) मेडिकल अफिसरद्वारा दैनिक विरामी जाच गरिन्छ ।, **२) प्याथोलोजी ल्याबः–** रगत दिशा पिसाब सम्बन्धी सम्पुर्ण जाच तथा सुगर, प्रेसर, मुटु सम्बन्धी र ४० वर्ष उमेर काटेका महिला तथा पुरूषहरूको - lipid profile - RFT - HIV, HCV, VDRL, - Lft - TFT - TPHA, - Calcium - Hba1ac, - Full body check up गरिन्छ ।, ३) भिडियो एक्सरे सेवा, ४) ईसिजी मुटुको जाच सेवा, ५) नेबुलाइजर बाफ सेवा, ६) OBSERVATION सेवा, ७) PLASTER सेवा, ८) घाउ DRESING वा SUTURING सेवा, **९) गुणस्तरीय फार्मेसी सेवा :–** १०) प्रत्येक हप्ता शनिबार बिशेषज्ञ डाक्टरद्वारा बिभिन्न रोगका बिरामीहरूकोको जाच।

नोट : फोनबाट पनि नाम टिपाउन सक्नुहुनेछ ।

मिर्लुङ्ग पोलिक्लिनिक प्रा.लि.
व्यास–२, दमौली तनहुँ। फोन : ०६५–५६१५७८, ९८४६०६२४६५, ९८४६७७०४७२

# तनहुँसुर मेलामा.......

पर्यटकको चहलपहलमा वृद्धि भएको थियो ।

परेवाको मूर्ति निर्माण गरिएपछि दिनमा ८० देखि १५० सम्म जोडी आएर फोटो खिच्ने, सेल्फी लिने र टिकटक बनाउनेलगायतका कार्यका लागि जाने गरे पनि पछिल्लो समय घट्दै गएको वडाध्यक्ष तुलसीराम सापकोटाले बताउनुभयो । उहाँका अनुसार नेपाल सरकारले भीडभाड नगर्ने सामाजिक दूरी कायम गर्नेलगायतका निर्देशन जारी गरेपछि पर्यटकहरूको आगमनमा ह्वात्तै घटेको हो । उक्त स्थानबाट मादीनदीको पानी कलकल बगेको आवाज, मनासलु, अन्नपूर्ण लगायतका दृश्य अवलोकन, गलेखामकोट, मानहुँकोट, काहुँडाँडा दुम्सीकोट कालिका मन्दिर, क्यामिनकोट कालिका, कलेस्ती फाँट, तनहुँ कालिका र दमौलीका केही भागलगायतका ऐतिहासिक एवं धार्मिकस्थलको अवलोकन गर्न सकिनेछ ।

'नजिकको तीर्थ हेला भनेजस्तो भएको छ', वडाध्यक्ष सापकोटाले भन्नुभयो, 'यहाँको प्रचुर सम्भावना हुँदाहुँदै पनि हामीले बेवास्ता गरेका कारण ओझेलमा पर्दै गएकाले संरक्षण गरिएको हो ।' त्यसैगरी सोही स्थान नजिकै व्यक्तिको निजी खर्चमा निर्माण गरिएको फनपार्कमा समेत पर्यटकको आगमनमा कमी हुन थालेको पिजनहिल टिकटक पार्क प्रालिका सञ्चालक विवेक सापकोटाले बताउनुभयो ।

परेवा डाँडा र टिकटक पार्कमा आन्तरिक पर्यटकको उल्लेखनीय आगमन हुने गरे पनि पुनः कोरोनाको हल्लाले पर्यटकको सत्त्या ह्वात्तै घटेको उहाँले जानकारी दिनुभयो। उक्त पार्कमा बच्चा, वयस्कदेखि वृद्धवृद्धाले मनोरञ्जन लिनसक्ने व्यवस्था छ। उहाँले कोरोनाको हल्लासँगै कर्मचारीलाई तलब खुवाउन पनि धौ धौ हुन थालेको दुखेसो पोख्नुभयो । अघिल्लो वर्ष कोरोनाले करिब सात महिना थला परेको व्यवसायी केही महिना तङ्ग्रिन थाले पनि पुनः उस्तै समस्या भोग्नुपर्ने देखिएको उहाँले बताउनुभयो । बन्दीपुरमा नयाँ वर्षको दिन उल्लेखनीयरूपमा पर्यटकको आगमनका साथै रमाइलोमा रम्ने गरे पनि त्यसपछि पर्यटकको सत्त्या क्रमिकरूपमा घट्दै गएको पर्यटन व्यवसायी बैश गुरूङले बताउनुभयो। *रासस*

जि.का.कास्की द.नं. ११/२०३९/०४०,
जि.प्र.का. तनहुँको स्वीकृत मितिः २०५९/०३/२४, त.जि.हु.द.नं. १०, ०६३/६४




**पाहुँनालाई स्वागतः** तनहुँको व्यास नगरपालिका-११ मुलपानीका आमा समूहले टिका, फुल, माला र पञ्चे बाजा बजाएर पाहुँनालाई स्वागत गर्दै।
*तस्विरः नारायण खड्का/भञ्ज्याङ*

# उपत्यकामा कडाइ : लगाएको मास्क पाँच दिन सुरक्षित राख्नुपर्ने

नारायण ढुङ्गाना (काठमाडौं)

मुलुकमा नयाँ भेरियन्टसहितको कोभिड-१९ संक्रमण फैलिएपछि काठमाडौं उपत्यकामा कडाइ गर्न थालिएको छ । स्थानीय प्रशासनमार्फत स्वास्थ्य सुरक्षा मापदण्ड पालनामा विशेष निगरानी थालिएको छ ।

यसअघि सडकमा यत्रतत्र मास्क फ्याँक्ने गरिएको थियो । त्यसबाट संक्रमण फैलने डर हुन्थ्यो। अब त्यसरी मास्क फ्याँक्नेलाई कारवाही गर्ने गरी उपत्यकाको प्रशासनले नयाँ व्यवस्था लागू गरेको छ । मुख्यगरी यातायातका साधन सञ्चालनमा थप कडाइका साथै प्रयोग गरेका मास्कलगायत सामग्री विसर्जनमा ध्यान दिन भनेको छ । अब विसर्जन गर्नुपर्ने मास्क बन्द डस्टविन वा प्लाष्टिकको झोलामा बन्द गरी सुरक्षित साथ पाँच दिन अनिवार्यरूपमा सुरक्षित साथ राख्नुपर्ने छ । त्यसपछि मात्रै विसर्जन गर्नुपर्ने छ । अटेर गरेमा कारवाही हुनेछ ।

घर तथा सार्वजनिक स्थानमा जथाभावी नथुक्न र प्रयोग गरेको मास्क जथाभावी नफ्याँक्न पनि भनिएको छ । सरकारले दिएको आदेश नमान्नेलाई संक्रामक रोग ऐन २०२० अनुसार कारवाही गरिने काठमाडौंका प्रमुख जिल्ला अधिकारी कालीप्रसाद पराजुलीले जानकारी दिनुभयो ।

सरकारी आदेशअनुसार काठमाडौं प्रशासनले उपत्यकामा संक्रमण रोक्न मानवीय गतिवधि नियन्त्रण गर्न थालेको हो । नयाँ भेरियन्टसहित कोभिड-१९ महामारीको संक्रमण बढ्दै गएको सन्दर्भमा त्यसको रोकथाम र नियन्त्रणका लागि नेपाल सरकार मन्त्रिपरिषद्ले सोमबार महत्वपूर्ण निर्णय गरेको थियो ।

सोही निर्णयको आधारमा गृहमन्त्रालयबाट प्राप्त निर्देशनानुसार आज काठमाडौं प्रशासनले विशेष सूचना जारी गरी सावधानी अपनाउन भनिएको काठमाडौंका प्रमुख जिल्ला अधिकारी कालीप्रसाद पराजुलीले जानकारी दिनुभयो । काठमाडौं प्रशासनले सवारी साधन सञ्चालन गर्दा चालक र सहचालकले मास्क र भाइजर अनिवार्यरुपमा लगाउन भनेको छ । सवारी साधनलाई दैनिक निसंक्रमित गर्न, कुनै पनि यात्रुले मास्क नलगाई आएमा चालक तथा सहचालकले बढीमा रू १० लिई उपलब्ध गराउन पनि आज विशेष सूचना जारी गरी जनाएको छ । मास्क नलगाउने व्यक्तिलाई सवारीमा प्रवेश निशेष गरिने छ ।

लामो दूरीमा चल्ने सार्वजनिक यातायातका साधनले बीच बाटोमा यात्रु चढाउन पाउने छैन । शुरूको गन्तव्यदेखि हिंडेपछि मानिस नचढाइ अन्तिमसम्म जानुपर्नेछ । त्यस्तै यात्रुको विवरण जिल्ला कोभिड-१९ संकट व्यवस्थापन केन्द्र काठमाडौंलाई उपलब्ध गराउन भनिएको प्रजिअ पराजुलीले जानकारी दिनुभयो । सार्वजनिक यातायातका साधानमा सिट क्षमताभन्दा बढी यात्रु नराख्न, सबै यात्रुमा मास्क अनिवार्य गर्न, सवारी साधनको ढोकामा र भित्र स्यानिटाइजरको व्यवस्था मिलाउन प्रशासनले भनेको छ ।

सूचनामा जिल्लाका महानगर र सबै नगरपालिकामा रहेको शैक्षिक संस्था भर्चुअल तथा वैकल्पिक शिक्षण सिकाइका विधि अपनाई शैक्षिक गतिविधि सञ्चालन गर्न आग्रह गरिएको छ । निर्धारित परीक्षा भने सुरक्षित साथ नियमित गर्न सकिने छ ।

सिनेमा हल, पार्टी प्यालेस, डान्सबार, दोहोरी नाचघर, क्लब, जिमखाना, स्वीमिङ पुल, फुट्स सभा, जुलुस, हाटबजार, रङ्गशालामा हुने दर्शकसहितको खेलकूद र मानिसको भिडभाड हुने अन्य प्रकारका सबै कार्यक्रम वैशाख मसान्तसम्म बन्द गरिएको छ । एक पटकमा २५ जनाभन्दा बढी भेला नहुन भनिएको छ भने सपिङ मल डिपार्टमेन्टल स्टोर्सका सञ्चालक तथा व्यवस्थापकलाई जनस्वास्थ्यका मापदण्डको पूर्णपालना गरी व्यवसाय सञ्चालन गर्न निर्देशन दिइएको छ ।

मेला महोत्सव, जात्रा, पर्व, विवाह, न्वारन, पास्नी, व्रतबन्ध, धार्मिक अनुष्ठान, मलामीलगायत अत्यावश्यक परम्परागत धार्मिक तथा सांस्कृतिक क्रियाकलाप सञ्चालन गर्दा २५ जनाभन्दा बढी नहुने गरी र जनस्वास्थ्यका मापदण्डको पूर्णपालना गरी कार्य सञ्चालन गर्न भनिएको छ । विवाह र व्रतबन्धका लागि पार्टी प्यालेस प्रयोग गर्नुपर्ने भएमा स्थानीय प्रशासनसँग अनुमति लिनुपर्नेछ । त्यसका लागि जनस्वास्थ्यको मापदण्ड पालना गर्ने र २५ जना मात्र सहभागी हुने भनी प्रशासन कार्यालयमा निवेदनसहित उपस्थित भएमा अनुमति प्रदान गरिने छ तर २५ जनाभन्दा कम मानिस सहभागी भई आ□नै घर कम्पाउण्डमा विवाह र व्रतबन्ध कार्य गर्न भने पाइने छ ।

मठ मन्दिर, मस्जिद, गुम्बा, चर्चलगायत धार्मिकस्थलमा जनस्वास्थ्यका मापदण्ड पालना गरी वैशाख मसान्तसम्म नित्य पूजा ध्यान प्रार्थना मात्र गर्न भने पाइने छ । सभा, सम्मेलन, गोष्ठी, सेमिनार, बैठक, तालीम, प्रशिक्षणजस्ता क्रियाकलाप भर्चुअलका माध्यमबाट गर्न भनिएको छ । कार्यालय पसलजस्ता सार्वजनिकस्थलमा स्यानिटाइज र मास्कको प्रयोग अनिवार्य गर्नुपर्ने छ । कुनै व्यक्तिले मास्क नलगाई आएमा कार्यालय तथा पसलमा प्रवेश नदिन पनि सूचित गरिएको छ । होटल तथा रेष्टुराँ बिहान ८ देखि राति ८ सम्म मात्रै सञ्चालन गर्न पाइने छ । कोभिड-१९ रोकथान तथा व्यवस्थापनका सन्दर्भमा सबै स्वास्थ्यका मापदण्ड अबलम्वन गर्नेपर्ने, घर बाहिर निस्किँदा अनिवार्यरुपमा मास्कको प्रयोग गर्नुपर्ने छ ।

विदेशबाट नेपाल आउँदा वा निकट सम्पर्कमा रही कन्ट्याक ट्रेसिङमा परेमा परीक्षणबाट नतिजा नेगेटिभ भए पनि कम्तीमा १० दिन होमक्वारेन्टिनमा अनिवार्य बस्नुपर्ने व्यवस्था गरिएको छ । पिसिआर परीक्षणको रिपोर्ट दिएपछि नतिजा नआएसम्म घरबाहिर हिंडडुल, भेटघाट, बैठक गर्न पाइने छैन । स्थानीय तहमा क्वारेन्टिन र आइसोलेशनमा बसेका व्यक्तिलाई सक्दो सहयोग गर्न अनुरोध गरिएको छ । यसरी सरकारी आदेश र स्वास्थ्य मापदण्ड पालना नगरेमा स्थानीय तह, प्रशासन, स्वास्थ्य कार्यालय, स्वास्थ संस्था, टोलसुधार समिति र उपभोक्ता समितिलाई यथाशीघ्र जानकारी गराउन भनिएको छ । होम आइसोलेशनमा बसेका व्यक्ति स्वास्थ्यकर्मीको नियमित सम्पर्कमा रहने र स्वास्थ्यमा कुनै समस्या भएमा तुरून्तै नजिकको अस्पतालमा जानकारी गराउन आग्रह गरिएको छ । *रासस*

www.bhanjyangnews.com

## facebook twitter

**फिक्का चिया**

twitter.com/OYTCO
बोलाउंदा नसुन्ने, म्यासेज ठाउँको-ठाउँ इग्नोर गर्दिएर सहिद बनाइदिने, मर्निङ-आफ्टर्नुन-नाइटजस्ता सम्मानित शब्दसंग कुनैसरोकार नहुने, चियो-चर्चोमात्रै गरेरबस्ने मित्र-मितृनिलाई त आचिको गन्धसमेत सुघ्न दिनुहुंदैन! मौका पाउनासाथ प्रफ्युमभन्दा राम्रो बास्ना आइरथ्यो भनेर प्रचार गर्छन !

**इमेज**

twitter.com/IAmImage12
संसारमा सबैको भिन्न भिन्न गुण अनि स्वभाव हुन्छ अरूको नक्कल गर्न छाड्नुस । नुन गुलियो, चिनी नुनिलो, खुर्सानी अमिलो हुँनु भन्दा त उनीहरूको ओर्जिनल स्वाद नै मिठो हुन्छ नि हैन र त्यसैले जो जस्तो छ त्यस्तै स्विकार्नुस ।

**रमा ओलि**

twitter.com/Ramaoli55
यदि साँचै हामी समाजमा बसिरहेका छौँ । भने हाम्रो समाज प्रति कस्तो जिम्मेवारी हुनुपर्छ। त्यो हामी आफैंले नै बुझ्नुपर्छ । र यसको नियमहरु पालना गर्नुपर्छ। किनकि यी नियमहरु तपाईं हाम्रो भलाईको लागि हो ।

**उषा कार्की**

twitter.com/Ushakar45440973
पौरखहरूले आकाश छुन नसकेनि मलाई कुनै पिर छैन
साथि तर स्वाभिमान माटो मुनि मिलाउन नपरोस
कसैले चिन्दैन्न मलाई त्यो पिर छैन साथि
तर चिन्लान कि भनि मुख छोपि हिड्न नपरोस
घमण्ड गर्छन् कुनि के कुरामा मान्छेहरु यहकका खै
खरानी हुनै छ एक दिन त्यो घमण्ड ममा कहिले नसरोस्.

# संक्रमण रोक्न आदेश पालना गर्न मन्त्री त्रिपाठीको आग्रह

रासस (काठमाडौं)

स्वास्थ्य तथा जनसंख्या मन्त्री हृदयेश त्रिपाठीले सरकारले कोभिड-१९ को रोकथाम र नियन्त्रणका लागि जारी गरेको आदेश पालना गर्न आग्रह गर्नुभएको छ । आज मन्त्रालयमा आयोजित भर्चुअल पत्रकार सम्मेलनमा उहाँले सबैलाई आदेश पालना गरी सरकारले कोभिड-१९ रोकथाम र नियन्त्रण गर्न चालेको कदममा सहयोग गर्न आग्रह गर्नुभएको हो । मन्त्रिपरिषद्को सोमबार बसेको बैठकले कोरोना भाइरस रोकथाम र नियन्त्रणका लागि संक्रामक रोग ऐन २०२० को दफा २ ले दिएको अधिकार प्रयोग गरी ३० बुँदे आदेश जारी गरेको थियो । मन्त्री त्रिपाठीले कोरोना भाइरसले हुने ठूलो चुनौती रोक्न आदेश जारी गरिएकाले त्यसको सबैले पालना गर्नुपर्ने बताउनुभयो ।

उहाँले आदेश पालना गरे मात्र कोभिड-१९ भाइरसलाई पराजित गर्न सकिने भन्दै आदेश पालनामा कतै कमजोरी देखिए त्यसले मुलुक ठूलो दुष्चक्रमा फस्नेसमेत चेतावनी दिनुभयो । 'सबैलाई म आग्रह गर्नु चाहन्छु कि सरकारले जारी गरेको जनस्वास्थ्यका मापदण्ड पूर्णरूपमा पालना गर्नुहोस', उहाँले भन्नुभयो, 'आदेश पालना नगरे कठोर कदम उठाउन सरकार बाध्य हुनेछ ।' मन्त्री त्रिपाठीले कोभिड-१९ को संक्रमणलाई हल्कारूपमा नलिन र हल्का ढङ्गले लिए संक्रमण अझ बढ्न गई स्थिति गम्भीर बन्नेसमेत बताउनुभयो । उहाँले जनताको जीवन जोगाउनका लागि नै सरकारले आदेश जारी गरेको बताउनुभयो । उहाँले सरकारको बन्दाबन्दी गर्ने कुनै चाहना नभएको पनि उल्लेख गर्नुभयो । 'बन्दाबन्दीले हाम्रो जीवनलाई कस्तो असर गऱ्यो भन्ने कुरा हामीले विगतको अभ्यासबाट थाहा पाएका छौँ । हामी भरसक बन्दाबन्दी गर्ने पक्षमा छैनौं', उहाँले भन्नुभयो ।

सो अवसरमा मन्त्रालयका सचिव लक्ष्मण अर्यालले पाँच हप्तादेखि संक्रमण बढेकाले स्वास्थ्यका मापदण्ड पालना गर्न आग्रह गर्नुभयो। उहाँले संक्रमणको नयाँ स्वरूप देखिएकाले सचेत रहनु पर्नेमा जोड दिनुभयो । आज मुलुकभर एक हजार ७३६ संक्रमित फेला परेका छन् ।

**स्वास्थ्य नै ठूलो धन हो ।**
**कोभिड-१९ को संक्रमणबाट आफू बचौं र अरूलाई पनि बचाऔं,**
**जनस्वास्थ्य सुरक्षाको मापदण्ड तथा प्रोटोकलहरू अनिवार्य रूपमा पालना गरौं ।**

- अत्यावश्यक काम बाहेक अन्तर्राष्ट्रिय सीमा, सीमावर्ती क्षेत्र, अन्तरजिल्ला र जिल्ला भित्रका कोभिड-१९ संक्रमणको उच्च जोखिम भएको क्षेत्रमा आवात जावत नगरौं ।
- अत्यावश्यकीय कामका लागि त्यस्ता क्षेत्रहरूमा आवातजावत गर्दा अनिवार्य रूपमा मास्क लगाऔं ।
- अनावश्यक भिडभाड नगरी, भौतिक दूरी कायम गरौं ।
- सरकारले गरेको अनुरोध पालना नगर्नेलाई प्रचलित कानून बमोजिम तत्काल कारवाही गर्न सक्ने भएकाले सबैले सरकारको अनुरोधको पालना गरौं ।

नेपाल सरकार
संचार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

**भञ्ज्याङ पब्लिकेशन प्रा.लि.**द्वारा प्रकाशित **भञ्ज्याङ राष्ट्रिय दैनिक** पत्रिकाको लागि **सम्पादक** : नारायण खड्का ।
**कार्यालय** : ब्यास-२, दमौली, तनहुँ । **फोनः ०६५-५६०९०७**, E-mail:- bhanjyangdml@gmail.com, Web : www.bhanjyangnews.com **मुद्रण** :- विज्ञान प्रिन्टर्स दमौली, फोन : ०६५-५६०१२४